मंगला गाउँपालिकाको गाउँसभामा

अध्यक्ष श्री सत प्रसाद रोकाद्वारा

प्रस्तुत भएको

# आर्थिक वर्ष २०८०/२०८१ को

## मंगला गाउँपालिकाको नीति तथा कार्यक्रम

**सभामा पेश भएको मिति :- २०८०/०३/०७**

**सभावाट पारित भएको मिति :- २०८०/०३/०७**

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

०७ असार, २०८०

## क) सम्बोधन र संस्मरण, योगदान, आभार आदि

उपस्थित प्रमुख अतिथि ज्यू, गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभा सदस्यका रुपमा रहनुभएका ५ वटै वडाका वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, यस गाउँपालिकाका सवै कर्मचारीहरु, शिक्षकहरू, सुरक्षा निकायका प्रमुख तथा सुरक्षाकर्मीहरु, उपस्थित पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गरिमामय सभामा, मंगला गाउँपालिकाको अध्यक्षको रुपमा आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न पाउँदा मैले आफुलाइ गौरवान्वित भएको महशुस गरेको छु । मंगला गाउँपालिकाको विकास र सम्वृद्धिलाइ केन्द्र बिन्दुमा राखेर तय गरिएको आर्थिक वर्ष २०८०/०८१ को यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मंगला गाउँपालिकालाई अमूल्य सुझाव उपलब्ध गराउनु हुने मंगला गाउँपालिका बासी, ब्यक्ति, संघ संस्था, नागरिक, राजनीतिक दल, लगायत सम्पूर्ण महानुभाव तथा सुभचिन्तक हरुलाई हार्दिक आभार सहित हामि सबैको तर्फबाट धन्यबाद ब्यक्त गर्दछु ।यस अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलनमा जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

संघीय र प्रदेश सरकारसंगको समन्वय र सहकार्य एवं मंगला गाउँपालिकाको आफ्नो क्षमता, श्रोत र साधनबाट मंगलाबासीको सम्वृद्धिका लागि अर्थतन्त्रलाइ चलायमान बनाउन स्थानीय पूर्वाधार निर्माण गर्ने, उत्पादन तथा आय वृद्धि गर्ने, सीप तथा क्षमता विकास र उद्यमशीलता विकास गर्ने, आर्थिक सामाजिक क्षेत्रको विकास र अधिकतम रोजगारी सृजना गर्न सघाउ पुराउने उद्देश्य एवं हामिले निर्वाचनका क्रममा हाम्रा मतदाता प्रति अभिब्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामिले आगामी आर्थिक वर्ष २०८०/०८१ को  यो नीति तथा कार्यक्रम अभिमुख गरेका छौं। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गरी स्थानीय तहको विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी जनतालाइ सु-शासनको प्रत्याभुती गर्ने साधनको रुपमा यो नीति तथा कार्यक्रम निर्देशित रहेको छ ।दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीकरण गर्दै उपलब्ध श्रोत र साधानहरुको समूचित प्रयोग गरी सम्बृद्ध मंगला गाउँपालिका सुखी मंगला बासी जनताको लक्ष्य हासिल गर्नु यस नीति तथा कार्यक्रमको प्रमुख लक्ष्य रहेको छ ।

## ख) विद्यमान परिवेशः (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनीक, आदि)

विगतका वर्षमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट प्रभावित भई सुधारोन्मुख अर्थतन्त्र पुनः रुस युक्रेन युद्धका कारण विश्व आपूर्ति श्रृखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । जसका कारण नेपाल सरकारको राजश्व संकलन घट्न गई सरकारी कोषमा रकम कम हुँदा गाउँपालिकालाइ संघीय र प्रदेश सरकारले उपलब्ध गराउने वित्तिय हस्तान्तरणमा नकरात्मक असर परेको छ ।चालु आर्थिक वर्षमा नेपाल सरकार र गण्डकी प्रदेश सरकारले गाउँपालिकालाइ उपलब्ध गराउने भनिएको वित्तिय समानिकरण अनुदानको अन्तिम किस्तामा कटौती हुँदा यस वर्ष सञ्चालित कार्यक्रमको भुक्तानी हुन नसकी आगामी आर्थिक वर्षको बजेटमा दायित्व सिर्जना हुन सक्ने परिस्थिति रहेको छ ।

मूलुक भित्र उपयुक्त र पर्याप्त रोजगारीको अभावमा हजारौं युवाहरु दैनीक रुपमा रोजगारीको खोजिमा विदेशिनु पर्ने अवस्था रहेको छ ।मंगला गाउँपालिका भित्रका अधिकाँश युवाहरु समेत वैदेशिक रोजगारीको खोजिमा तेस्रो मुलुकमा रहेका छन ।पहाडी भुगोल, मनसुन जन्य विपत्तिको जोखिम रहेका क्षेत्रहरु अत्यधिक हुनु, उत्पादित कृषि उपजको बजारको अभाव लगायतका कारण यस गाउँपालिकाका गाउँ बस्तिहरुबाट बसाइसराई गरी मूलुक भित्र र बाहिरका शहर तथा सुविधासम्पन्न स्थानमा जाने हुँदा गाउँमा खेतियोग्य जमिनमा काम गर्ने मजदुरको अभाव भइ जग्गा बाँझो रहने समस्या रहेको छ ।यस सन्दर्भमा यूवाहरुलाइ गाउँपालिका भित्र नै रोजगारीको शिर्जना गर्ने र गाउँ घरको बसाईलाइ आकर्षक बनाउनु स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी एवं चुनौतीको रुपमा रहेको छ ।

यसरी नेपालको समग्र परिस्थितिको यथार्थ विश्लेषण गर्दा सबै भन्दा पहिले, थलिएको अर्थतन्त्रलाइ पूनरोत्थान गर्नको लागि स्थानीय स्रोत र साधनको समूचित प्रयोग मार्फत तिव्र दिगो र फराकिलो आर्थिक वृद्धि गर्ने संवैधानीक नीतिलाइ कार्यान्वयन गर्दै सम्वृद्ध नेपाल सुखि नेपालीको राष्ट्रिय लक्ष्य हाँसिल गर्न मंगला गाउँपालिकाले स्थानीय आर्थिक विकासका कार्यक्रममा विशेष जोड दिनुपर्ने देखिन्छ ।साथै, स्थानीय आवश्यकता र संभावनाको पहिचान मार्फत गुणस्तरिय शिक्षाको प्रत्याभुती गरी उच्च, ज्ञान सिप र दक्षता भएका प्राविधिक जनशक्ति उत्पादन र यस्ता जनशक्तीको स्थानीय स्तरमै खपत हुने वातावरण निर्माण गर्नु गाउँपालिकाको आवस्यकता रहेको छ । छरिएर रहेका बस्तिहरुका बासिन्दाहरुलाइ विभिन्न विपद, महामारी र उच्च स्वास्थ्य जोखिममा परेको अवस्थामा स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य संस्थाको स्तरोन्नती गरी जनशक्तिको क्षमता विकास गर्नु अपरिहार्य भएको छ ।

## ग) विकास तथा सम्वृद्धिको लक्ष्य प्राप्तिका चुनौती तथा अवसरहरु

**विद्यमान अवसरहरुः**

१. नेपालको संविधानले नै विभिन्न २२ वटा एकल अधिकार सहित अन्य साझा अधिकार समेत स्थानीय तहलाइ प्रत्याभुत गरेको ।

२. स्थानीय अधिकारका विषयमा गाउँपालिकाबाट ऐन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिका गरी ६० भन्दा बढि स्थानीय कानुनको निर्माण हुनु ।

३. पहाडी क्षेत्रमा अवस्थित भएता पनि तुलनात्मक रुपमा मिलेको भुगोल हुनु ।

४. म्याग्दी जिल्लाकै लाईफ-लाइनको रुपमा रहेको बेनी-दर्बाङ-ताकम-मुना-जलजला-ढोरपाटन सडक गाउँपालिकाको केन्द्र हुँदै जानु ।

५. सबै टोल बस्तिहरुमा विद्युत सेवाको पहुँच हुनु ।

६. सबै वडाहरुमा सडक पूर्वाधारको पहुँच पुग्नु ।

७. अधिकांस खेतियोग्य जमिनमा सिँचाइ सुविधा पुग्नु ।

८. गाउँपालिकामा साँस्कृतिक विविधता रहनु ।

९. आवश्यक नियन्त्रण र ब्यबस्थित उत्खनन् गरी म्याग्दी नदिका बगर घाटमा थुप्रने नदिजन्य निर्माण सामाग्रीको बिक्रिबाट गाउँपालिकाको राजश्वमा उल्लेख्य वृद्धि गर्ने आधार रहनु ।

१०. गाउँपालिकाको सडक मापदण्ड तयार भई लागू हुनु ।

११. व्यवसायिक सुन्तला खेती र व्यावसायिक आलु खेती प्रवर्धन गाउँपालिकाको आर्थिक सम्वृद्धिको प्रमुख आधारको रुपमा रहनु ।

१२. टोड्के, झाक्रिपानी, चिनाकोट, चाङ्गा जस्ता पर्यटकिय क्षेत्रहरु यस गाउँपालिकामा रहनु ।

**चुनौतीहरुः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरु रहेका छनः

१. सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर सुदृढ गर्नु ।

२. कृषि उपजहरुको खपत गर्न सर्व सुलभ बजारको ब्यबस्था गर्नु ।

३. बैदेशिक रोजगारी तर्फ आकर्षित युवा जनशक्तिलाइ गाउँपालिका भित्रै रहेर काम गर्ने वातावरण सुनिस्चित गर्नु ।

४. कृषिलाइ व्यावसायीकरण गर्नु ।

५. निर्माण भएका पूर्वाधारहरुको नियमित मर्मत, सम्भार र दिगो उपयोगको व्यवस्था गर्नु ।

६. अव्यवस्थित बस्ति बिस्तारलाइ रोकी व्यवस्थित बस्ति निर्माण गर्नु ।

७. नदि किनाराका, भिरालो जमिनमा रहेका, बाढि, पहिरो र भुक्षयको जोखिममा रहेका बस्तिहरुको संरक्षण तथा स्थानान्तरण गर्नु ।अव बन्ने घरहरु त्यस्तो जोखिमपूर्ण स्थानमा बन्न नदिनु ।

८. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवं उपयुक्त भु-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नु ।

९. बसाइसराइ एवं जनशक्तिको अभावमा बाँझो बन्दै गएको खेतियोग्य जमिनको लगत संकलन गरी उपयुक्त व्यवस्थापन गर्नु ।

## घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु(संविधान, प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका क्षेत्राधिकार र संघ, प्रदेश र स्थानीय सरकार विचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको मार्गदर्शन, नेपाल सरकार र प्रदेश सरकारले अंगालेको १५ औं आवधिक योजना, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७८, दिगो विकासका लक्ष्य, मंगला गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम र मंगला गाउँपालिकाको आवश्यकता, अवसर र चुनौतीलाई हृदयंगम् गर्दै स्थानीय सरकार सञ्चालनको विगतका वर्षको अनुभव र संघीय, प्रादेशिक एवं स्थानीय ऐन, नियम तथा कार्यविधि, सर्वमान्य सिद्धान्त समेतका आधारमा आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तय गरिएको छ।

## ङ) चालु आर्थिक वर्षको हालसम्मको प्रमुख उपलब्धीहरु

नेपालको संविधानले स्थानीय सरकारलाई दिएको अधिकार क्षेत्रका विषयमा उपलब्ध स्रोत साधनको प्रयोग गरी नागरिकको जीवनस्तरमा सुधार गर्न तथा सम्वृद्ध मंगलाको सपना साकार पार्नको लागि मंगला गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० मा हासिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## सामाजिक विकास (शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य, खानेपानी तथा सरसफाई) क्षेत्रमा भएका उपलब्धिहरु

### शिक्षा, युवा तथा खेलकुदः

१. प्रारम्भिक वालविकास उमेर समूहका बालबालिकाहरुलाई विविध किसिमका मनोरञ्जनात्मक क्रियाकलापको माध्यमद्वारा सम्पूर्ण बालबालिकाको सर्वाङ्गिङ विकास गरी उनिहरुलाई विद्यालयका लागि तयार गर्ने उद्देश्यले स्थापित गाउँपालिका भित्र सामूदायिक विद्यालय अन्तर्गतका ४० र अन्य ४ वटा गरी कूल ४४ वटा प्रारम्भिक वालविकास केन्द्रमा आवश्यक भौतिक पूर्वाधार सहित कक्षा व्यवस्थापन गरी स्मार्ट वालविकास कक्षा तयार पारी पठनपाठन भएको छ ।

२. प्रारम्भिक वालविकास केन्द्रका बालबालिकाहरुको पोषण सुधार गर्न संघीय सरकारबाट उपलब्ध दिवा खाजाकार्यक्रमसँग यस गाउँपालिकाबाट थप १ गिलास दुध स्थानीय स्रोतबाट उपलब्ध गराइएको छ ।

३. यस वर्ष विद्यालय भौतिक पूर्वाधार तर्फ राष्ट्रपति शैक्षीक सूधार कार्यक्रम, नेपाल सरकाको सशर्त अनुदान अन्तर्गत १ वटा ४ कोठे र १ वटा २ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा रहेका छन् ।साथै, गाउँपालिकाले बजेट विनियोजन गरी यस वर्ष ५ वटा बिद्यालयको भवन मर्मत, ४ वटा विद्यालयमा घेरावार, ५ वटा विद्यालयमा फर्निचर तथा कक्षाकोठा व्यवस्थापन, २ वटा विद्यालमा शौचालय निर्माण र २ वटा विद्यालयमा खेल मैदान निर्माण गरी विद्यालय पूर्वाधारको विकास गरीएको छ ।साथै गत वर्ष, आर्थिक वर्षको अन्तमा संघीय सरकारबाट बजेट विनियोजन भई कार्य सम्पन्न हुन नसकेका राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका ३ वटा विद्यालय भवन निर्माण कार्य यस वर्ष सम्पन्न गरीएको छ ।
४. गाउँपालिका अध्यक्षसँग शिक्षा सुधार कार्यक्रम, स्मार्ट स्कुल शैक्षिक सामाग्रि व्यवस्थापन, शिक्षणमा सूचना प्रविधीको प्रयोग लगायतका कार्यक्रमहरुबाट गाउँपालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न टेवा पुगेको छ । संघीय सरकारको सशर्त अनुदानमा विज्ञान प्रयोगशाला र ICT (Information and Communication Technology) ल्याव स्थापना गर्ने कार्यले यस वर्ष निरन्तरता पाएको छ ।
५. तहगत रुपमा शून्य दरवन्दी भई विषय शिक्षकको अभाव रहेका विद्यालयहरुमा गाउँपालिकाबाट तलव भत्ता व्यवस्था हुने गरी ११ जना शिक्षकहरुलाइ गाउँपालिका अनुदान कोटामा नियुक्त गरी यस वर्ष पनि शिक्षक रिक्तताको समस्यालाइ समाधान गरीएको छ।
६. मंगला गाउँपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजना कार्यान्वयन भएको छ ।
७. पश्चिम म्याग्दीको ३ वटा गाउँपालिका समेट्ने र मंगला गाउँपालिकाको शैक्षिक धरोहरको रुपमा रहेको मंगला शिक्षा क्याम्पसको शैक्षिक सुधार गरी QAA

सर्टिफिकेट प्राप्त गर्ने आधार समेत तयार गर्न गाउँपालिकाबाट भौतिक पूर्वाधार निर्माण तथा अन्य ब्यवस्थापनमा योगदान दिइएको छ।

८. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना गरी उत्कृष्ट खेल प्रतिभा पहिचान गरिएको ।

९. खेल क्षेत्रको विकासका लागि यस वर्ष गाउँपालिकाबाट विभिन्न वडाहरुमा ७ वटा खेल मैदान निर्माण भएको

## स्वास्थ्य तर्फका उपलब्धीहरुः

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्ने कार्यको लागि स्वास्थ्य क्षेत्रमा मंगला गाउँपालिकाले यस वर्ष प्राप्त गरेका उपलब्धीहरुलाई निम्नानुसार प्रस्तुत गरेको छुः

१. गत वर्ष झै यस वर्ष पनि मंगला गाउँपालिका अन्तरगत ४ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाइबाट आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइएको छ । साथै गाउँपालिकामा ३ वटा वर्थिङ सेन्टरवाट सेवा प्रदान गरिएको छ।

२. स्वास्थ्य क्षेत्रमा यस वर्ष गाउँपालिकाबाट सञ्चालित १००० दिनका आमाहरुसँग उपाध्यक्ष कार्यक्रम, विद्यालय स्वास्थ्य कार्यक्रम, पाठेघरको मुखको क्यान्सर जाँच कार्यक्रम, ग्रामिण अल्ट्रासाउण्ड प्रोग्राम, लगायतका कार्यक्रमहरु अत्यन्त प्रभावकारी भएको छ ।

३. गाउँपालिकावासीलाई एम.बि.बी.एस डाक्टर सहितको अस्पताल सेवा उपलब्ध गराउन गाउँपालिकाको पहलमा मंगला- ५, हाँडेभिरमा १० शैयाको अस्पताल भवन निर्माणका लागि ठेक्का सम्झौता भै निर्माणाधिन अवस्थामा रहेको छ।

४. संघीय सरकारको सशर्त अनुदान र गाउँपालिकाबाट समेत आवस्यक बजेटको व्यवस्था गरी सबै स्वास्थ्य चौकीहरुमा नेपाल सरकारले तोके बमोजिमका बिभिन्न ९८ वटा औषधी निशुल्क उपलब्ध गराउन नियमित आपूर्तिको व्यवस्था गरिएको छ ।

**खानेपानी तर्फको उपलब्धिहरुः**

१. मंगला गाउपालिकामा आधारभुत खानेपानी आपूर्तिका लागि यस वर्ष १८ वटा साना खानेपानी आयोजनाहरुको लागि बजेट विनियोजन भई सम्पन्न भएका छुन। नागरिकहरुलाई स्वस्थ खानेपानी प्राप्त गर्ने अधिकारको संरक्षण गर्न मागको आधारमा प्राविधीकको इस्टिमेट बमोजिमको खानेपानी पाइप वितरण गरिएको छ ।

**सामाजिक सुरक्षा तर्फका उपलब्धिहरुः**

१. सवै वडाका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई गाउँपालिकाको कार्यालयबाट परिचय-पत्र वितरण गरिएको छ। महिलाहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम लगायत लैङ्गिक हिंसा विरुद्धको अभियान विद्यालय र समुदाय स्तरमा संचालन गरिएको छ।
२. नेपाल सरकारले उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता समयमानै लाभग्राहीको खातामा जम्मा गरिदिने कार्य निरन्तर भइ रहेको छ ।
३. गत वर्ष पहिचान भएका गाउँपालिका भित्रका गरिब घर धुरि परिवारका सदस्यहरुहरुलाई परिचय पत्र वितरण कार्य सम्पन्न गरिएको छ ।

**आर्थिक विकास क्षेत्रमा भएका उपलब्धिहरु (कृषि, उद्योग, पर्यटन, सहकारी, उद्योग, रोजगार, सिंचाई) क्षेत्रमा भएका उपलब्धिहरू**

## कृषि तथा पशुपन्छी विकासः

१. मंगला गाउँपालिकामा कृषि कार्यमा आधुनिकरण, व्यवसायीकरण तथा यान्त्रिकरण गरी कृषकहरुको आयस्तर वृद्धि गरी जिवनस्तर उकास्ने उद्देश्य अनुरुप होम मिल, भर्याङ, स्प्रे ट्याङ्कि, थ्रेशर मेसिन, चाफ कटर, प्लास्टिक मन्चिङ, टनेल, मेटल बिन, थोपा सिँचाई, लगायतका कृषि औजार तथा सामाग्री वितरण गरीएको छ ।साथै कृषि क्षेत्रको विकासका लागि किवि विरुवा रोपण तथा थाक्रा निर्माण, अलैचि ड्रायर निर्माण, ग्रिन हाउस निर्माण लगाएतका कार्यक्रमहरु सम्पन्न भएका छन।

२. एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाइ आत्मनिर्भर बनाउनको लागि आय आर्जन कार्यक्रम अन्तर्गत कुखुराको चल्ला र उन्नत जातको बाख्राको पाठा वितरण गरीएको छ ।पशु पालक कृषकहरुलाइ पशुजन्य उत्पादन वृद्धि गरी लाभ पुर्याउने उद्देश्यले नस्ल सुधार कार्यक्रम अन्तर्गत कृतिम गर्भाधान कार्यको शुरुवात भएको छ ।निशुल्क पशु स्वास्थ्य परिक्षण तथा बाँझोपन निवारण सिविर प्रत्येक वडामा सम्पन्न गरीएको छ ।साथै पशु स्वास्थ्य प्रवर्धन गर्न खोप सञ्चालन तथा नियमित उपचार र औषधि वितरणको व्यवस्था प्रभाकारी देखिएको छ ।

३. गुसेश्वर कृषक समूहसँग अघिल्लो वर्ष झै संघीय सशर्त बजेटबाट बाख्रा पकेट क्षेत्र सुधार कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।

४. संघीय सरकारको सहयोगमा यस गाउँपालिकाको वडा नं. ५ मा सुन्तला पकेट क्षेत्र, वडा नं. १ को कुँहु -पूर्णगाउँ, वडा नं. २ को हिदी र वडा नं. ५ को टिकावाङमा आलु पकेट क्षेत्र कार्यक्रमले निरन्तरता पाएको छ ।

**जलस्रोत तथा सिँचाई तर्फका उपलब्धीहरुः**

१. गाउँपालिका भित्र रहेका खेति योग्य जमिनको उत्पादकत्व वृद्धि गरी कृषिमा आत्मनिर्भर बन्नको लागि मंगला गाउँपालिकाले यस वर्ष १७ वटा सिँचाई आयोजनाहरु सम्पन्न गरेको छ ।

२. गाउँपालिकामा हालसम्म करिव ३२९१ हेक्टर खेती योग्य जमिन मध्ये ७५ प्रतिसतमा सिंचाइको प्रवन्ध गरी १३०० भन्दा बढि उपभोक्ताहरु प्रत्यक्ष लाभान्वित भएका छन ।

**रोजगार तथा उद्यमशिलता तर्फका उपलब्धिहरुः**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९/८० मा कूल ९९९ जना बेरोजगारको रुपमा सुचिकृत भएकोमा विभिन्न सामुदायीक आयोजनाहरुमा १०१ जनाले रोजगारी प्राप्त गरेका छन ।

२. गरीवि निवारणका लागि लघुउद्धम विकास कार्यक्रम अन्तर्गत १५ जनाले सुन्तलाखेती तालिम, १९ जनाले कुखुरापालन तालिम, ३८ जनाले तरकारी खेती तालिम र २९ जनाले बाख्रापालन तालिम गरी जम्मा १०१ जनाले उद्दमशीलता तालिम प्राप्त गरेका छन ।

**भौतिक पूर्वाधार विकास (सडक, भवन निर्माण तथा अन्य)**

**सडक पूर्वाधारः**

१. गाउँपालिकाको केन्द्र देखी सबै वडाका सबै बस्तिहरु सडक संजालमा जोडिएका छन ।स्थानीयस्तरमा पुग्ने कुल सडक २०३ कि मी निर्माण सम्पन्न भएको छ ।

२. आर्थिक वर्ष २०७९/०८० मा गाउँपालिकाबाट ४३ वटा सडक निर्माण, स्तरोन्नती तथा मर्मत आयोजनाहरु सम्पन्न भएका छन। नेपाल सरकार र मंगला

गाउँपालिकाको लागत साझेदारीमा सिम-कोत्रबाङ-खुम्लिया-पैयुँपाट-कुँहु सडक अन्तर्गत कोत्रबाङ खण्डमा पिच गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।गाउँपालिका केन्द्रबाट वडा कार्यालय र बस्ति जोड्ने विभिन्न रणनीतिक तथा गौरवका आयोजनाका रुपमा रहेका सडकहरुको स्तरोन्नती गर्ने कार्यले निरन्तरता पाएको छ ।

## पर्यटन पूर्वाधारः

१. पहाडी भुगोल रहेको मंगला गाउँपालिकाको पर्यटन विकासको प्रथम पूर्वाधार सुरक्षित सडक यातायातको विस्तार भएको हुँदा सडक स्तरोन्नतीको लागि पर्याप्त बजेटको ब्यबस्था गरी कार्यान्वयन गरीएको छ ।

२. मंगला गाउँपालिकाको केन्द्र रहेको बाबियाचौर बजारमा पर्यटनको विकास गर्नको लागि मंगला इन्द्रेणि पार्क तथा खड्गनन्द संग्रहालयको निर्माण गरी सो को व्यवस्थापन कार्यलाइ निरन्तरता दिइएको छ । साथै, बाबियाचौर बजारलाई वडा नं. ३ को पर्यटकीय क्षेत्र झाक्रिपानी र चिनाकोटसँग जोड्नको लागि वडा नं. ५ को पुल्चोक, गहते नेटा हुँदै झाक्रिपानिसम्म पुग्ने पदमार्ग निर्माणको कार्यले निरन्तरता पाई यस वर्ष विनियोजित बजेटबाट कार्य सम्पन्न भै सकेको छ ।

## <u>वातावरण तथा विपद व्यवस्थापन क्षेत्रका उपलब्धीहरु</u>

१. म्याग्दी नदीले  खेतियोग्य जमिन तथा वस्तीमा पुऱ्याएको क्षतिको न्यूनिकरण गरी भू-संरक्षण गर्न तथा वर्षाका कारण उत्पन्न हुने विपत्तिको न्यूनिकरणका लागि यस वर्ष तटबन्धन तथा ढल ब्यबस्थापन सम्बन्धी १५ ओटा आयोजनाहरु सम्पन्न भएका छन ।

२. बस्ति संरक्षण, पूर्वाधार संरक्षण तथा खेतीयोग्य जमिनमा भएको भुक्षय रोक्न गाउँपालिकाबाट ग्याविन जालि सहयोग स्वरुप उपलब्ध गराइएको छ । त्यस्तै, विपन्न नागरिकहरुलाई सुरक्षित आवासको सुनिस्चितता गर्न जस्तापाता वितरण गरी सहयोग गरिएको छ ।

३. विपदबाट पूर्ण क्षति भएका घरहरुको लागि संघिय सरकारबाट यस गाउँपालिकामा गत आ.व. सम्म १९ घर छनौट भएकोमा १८ वटा घर निर्माण भई अन्तिम किस्ता भुक्तानी गरिएकोछ । साथै, चालु आ.व. मा विपदबाट क्षती भएका १९ घरधुरी मध्ये १७ वटा सँग सम्झौता भएको छ ।

## सुशासन तथा संस्थागत विकास (कानूनि व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजनिक निजी साझेदारी एवं समन्वय) क्षेत्रमा भएका उपलब्धिहरु

१. मंगला गाउँपालिकाले हालसम्म ६० भन्दा बढि स्थानीय कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

२. मंगला गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण (ONM) प्रतिवेदन तयार भई स्वीकृत भएको छ ।

३. गाउँपालिकाको सार्वजनिक खरिद नियमावली तर्जुमा भइ कार्यान्वयन गरिएको छ ।

४. यस वर्ष टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन लगायतका कानूनहरु निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ ।

५. ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क/दस्तुर संकलन गर्न गाउँपालिका क्षेत्रभित्रका वगर, घाटहरुको नयाँ थप स्थानहरुको पहिचान गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार भएको र प्रदेश कानुनको आधारमा आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलनको

दायरा वढाउने कार्यलाइ प्राथमिकतामा राखि आन्तरिक आयलाई वृद्धि गर्दै लगिएको छ।

६. गाउँपालिकाको राजश्व सुधार योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

## च. आगामी आर्थिक वर्ष (२०८०/०८१) को नीति तथा कार्यक्रमहरु

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म यहाँहरु समक्ष मंगला गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि तर्जूमा गरिएको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. सिमित स्रोत र साधनबाट मंगला गाउँपालिकाको आवश्यकता र गाउँपालिकावासीको चाहनालाई पूरा गर्नुपर्ने परिस्थितिका बीच यस्ता आवश्यकता चाहना र समस्याहरुलाई प्राथमिकताका आधारमा क्रमशः सम्बोधन गर्दै जाने नीति लिईनेछ ।

२. नेपाल सरकारको आवधिक योजना, दिगो विकासका लक्ष, गाउँपालिकाको आवधिक योजना र स्थानीय आवश्यकतालाइ मध्यनजर गरी तिव्र दिगो र उच्च आर्थिक वृद्धि गर्न उपलब्ध स्रोत र साधनको प्रयोग गरी समावेशि, समन्यायिक, वातावरण मैत्री एवं दिगो विकासका लक्ष अनुरुप विकास गर्ने नीति लिइनेछ ।

३. गाउँपालिकाको दीगो तथा एकीकृत विकासको लागि गाउँपालिकाका बस्ति स्तरबाट आयोजना संकलन गरी प्राथमिकताक्रम निर्धारण सहित योजना बैंक तयार गरी गाउँपालिकाको वजेट तथा कार्यक्रम तयार गर्दा उक्त योजना बैङ्कमा समावेश भएका आयोजनालाइ प्राथमिकता दिइने छ ।साथै गाउँपालिकाको आवधिक योजना अनुरुप मध्यकालिन खर्च संरचना र क्षेत्रगत गुरु योजना तयार पारी कार्यान्वयन गरिने छ।

४. गाउँपालिकाको हरेक क्षेत्रको खण्डिकृत तथ्याङ्क सहित अभिलेख राख्न, चिनारी दिन र नीति निर्माण एवं बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस्ता तथ्याङ्कनको उपयोग गर्नको लागि डिजिटल प्रोफाइल तयार पारिनेछ ।

५. संघीय सरकार, प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थासँगको संयुक्त लगानीका आयोजना कार्यान्वयनका लागि आवश्यक रकम सहितको समपुरक कोषको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइने छ।

## १. सामाजिक विकासः (शिक्षा युवा तथा खेलकुद, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा) सम्बन्धी नीति तथा कार्यक्रमहरु

### क) शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिका भित्रका सम्पूर्ण बालवालिकाहरुलाई निशुल्क एवं अनिवार्य आधारभुत शिक्षा र निशुल्क माध्यमीक शिक्षा सुनिश्चित गर्नका लागि शत प्रतिशत बालबालिका विद्यालय भर्ना हुने, सिक्ने र टिक्ने वातावरण शिर्जना गर्न विशेष कार्यक्रम लागू गरिनेछ ।

२. शून्य दरबन्दी भएका विद्यलायमा लागत सहभागितको आधारमा शिक्षक अनुदान दिने कार्यक्रमलाइलाई निरन्तरता दिइने छ। साथै शिक्षक विद्यार्थि अनुपातमा विषयगत दरबन्दी मिलान तथा शिक्षक स्थानान्तरण र ब्यबस्थापन कार्य लाई निरन्तर कायम राखिने छ।

३. माध्यमिक विद्यालयहरुलाई आवासीय विद्यालयको रुपमा विकास गर्ने नीति लिइने छ।

४. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिको लागि सवै विद्यालयमा पुस्तकालय स्थापना, शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग, विज्ञान प्रयोगशालाको स्थापना जस्ता कार्यक्रमलाई निरन्तता दिइने छ।

५. शिक्षकहरुको पेशागत क्षमता विकास र निरन्तर अद्यावधिक रहनको लागि शिक्षक तालिम प्रदायक सरकारी निकायसँगको सहकार्य र गाउँपालिकाको

आफ्नै व्यवस्थापनमा तालिम अभिमुखिकरण र प्रोत्साहनको व्यवस्था गरिने छ ।

६. विद्यालय ब्यबस्थापन समिति र प्रधानाध्यापकको नेतृत्व र ब्यबस्थापकिय क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

७. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानीको सुविधा विस्तार गर्दै शिक्षण सिकाइ, अतिरिक्त क्रियाकलाप, सूचना प्रविधिको प्रयोग लगायतका कुराहरुमा न्यूनतम एकरुपता कायम हुनेगरी व्यवस्था गर्ने नीति लिइ बजेट व्यवस्थापन गरिनेछ ।

८. विद्यालयको शैक्षिक सुधार, उपलब्धी, समग्र व्यवस्थापन तथा कार्यसम्पादनको नियमित समिक्षा गरी दण्ड र पुरस्कार नीतिसँग आवद्ध गरिनेछ ।

९. संघीय सरकारको दिवा खाजा कार्यक्रमको समिक्षा गरी थप प्रभावकारी वनाइनेछ । ५ बर्ष मुनिका बालबालिकाको बौद्धिक विकासमा पोषणको महत्वपूर्ण भूमिका हुने भएकोले **अध्यक्ष संग बालबालिका** कार्यक्रम संग आवद्ध गरी प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुलाई विद्यालय मार्फत् दैनिक १ गिलास दुध उपलब्ध गराउने ब्यबस्था निरन्तरता दिइनेछ ।

१०. सक्षम एवं जिम्मेवार शिक्षक, लगनशील विद्यार्थी र सुब्यबस्थित विद्यालय विकासका लागि विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरिने छ।

११. प्रतिभा पहिचान कार्यकम मार्फत् शिक्षक तथा विद्यार्थीहरुमा लुकेको प्रतिभा पहिचान र प्रष्फुटनको कार्यक्रम अगाडि बढाइने छ।

१२. विद्यालयमा निर्माण हुने भौतिक संरचनाहरु बालमैत्री र अपाङ्गमैत्री बनाइने छ।

१३. कक्षा ६-१२ सम्म अध्ययन गर्ने छात्राहरु तथा विद्यालय शिक्षिकालाई निःशुल्क सेनिटरी प्याड वितरणको ब्यबस्थालाई प्रभावकारी बनाइने छ।

१४. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले गरेको ब्यबस्था बमोजिम कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेकोमा सबै कक्षाको पाठ्यक्रम अनुरुप स्थानीय पाठ्यपुस्तक निर्माण गरीनेछ ।

१५. विद्यालय क्षेत्रको समग्र विकासको लागि आवधिक योजना निर्माण र अद्यावधिक गर्न सबै विद्यालयलाइ अनिवार्य गरिने छ। उत्कृष्ट विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन गर्न प्राविधिक सहायता उपलब्ध गराइने छ।

१६. शैक्षिक सुशासन र प्रबर्द्धनका लागि जनप्रतिनिधी, कर्मचारी तथा विज्ञ शिक्षकहरुको समूह बनाई विद्यालयको सामुहिक सुपरीबेक्षण र पेशागत सहयोग उपलब्ध गराउने ब्यबस्था मिलाईने छ। गाउँपालिका स्तरीय विज्ञ शिक्षकहरुको रोष्टर तयार पारी शिक्षकहरुलाई पेशागत सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ।

१७. हरेक विद्यालयमा कम्प्युटर र गुणस्तरीय इन्टरनेटको पहुँच विस्तार गरी शिक्षक तथा विद्यार्थीलाई प्रविधी मैत्री बनाई आपतकालिन अबस्था र शङ्कटपूर्ण घडिमा समेत बैकल्पिक माध्यमबाट सिकाई सहजीकरण प्रकृयालाई निरन्तरता दिइने छ।

१८. माध्यामिक विद्यालयहरुमा स्मार्ट वोर्ड मार्फत पठन-पाठनको लागि तालिम तथा सहजीकण गरिनेछ ।

१९. विद्यालयको समग्र विकासमा गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम मार्फत् विद्यालयको क्षमता विकास गर्न "स्मार्ट स्कुल" जस्ता कम्प्यूटर सफ्टवेर मार्फत् सामुदायिक विद्यालयमा शैक्षिक सुधारका लागि निरन्तरता दिइनेछ ।

२०. मंगला माध्यामिक विद्यालयमा सञ्चालित कृषि प्राविधिक धारको ११ र १२ कक्षा सञ्चालन प्रभावकारी र उपलब्धी मूलक वनाई कृषि क्षेत्रको अध्ययन अनुसन्धान कार्यमा सहयोग पुराइनेछ ।

२१. प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत शिक्षकहरु र विद्यालय कर्मचारीहरुलाई विशेष तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. आमा र वच्चाको स्वास्थ्य र वाल विकासलाइ मध्यनजर गर्दै सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु सुत्केरी विदामा रहँदा वैकल्पिक शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुचारु गरिने छ ।

२३. गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रलाइ सबलिकरण गरिने छ। सिकाइ संस्कृतिको विकासका लागि सामुदायिक पुस्तकालय स्थापना गर्न आवस्यक ब्यबस्था मिलाइने छ ।

२४. मंगला गाउँपालिका क्षेत्र भित्रका संरक्षक नभएका, गरीब, विपन्न, जेहेन्दार तथा पछाडि पारीएका/अति विपन्न परिवारका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइने छ।

२५. गाउँपालिकामा बालमैत्री संरचना तथा कार्यक्रम सञ्चालन गर्दै क्रमशः सवै वडालाई बालमैत्री वडा घोषणा गरिनेछ ।

२६. गाउँपालिकास्तरीय वालसञ्जाललाई प्रभावकारी वनाई वालवालिकाको हकहित र कार्यक्रम सञ्चालनमा सहभागी गराइनेछ ।

२७. वालवालिकाको वृद्धि विकास र क्षमता प्रस्फुटनमा सहयोग पुराउन मंगला इन्द्रेणी पार्कमा बालमैत्री उद्यानको स्थापना गरिएकोमा सो को थप व्यवस्थापन गरिनेछ ।

२८. गाउँपालिका क्षेत्रमा वालश्रमको अन्त्य गरी वालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ ।

२९. बिद्यालयको नक्सांकन गरी मंगला गाउँपालिका अन्तर्गतका स्थानहरुमा आवश्यकताको आधारमा वालविकास केन्द्र स्थापना, बिद्यालय समायोजन, स्तरोन्नती लगायतका कार्यलाइ अगाडी बढाइनेछ ।

३०. पश्चिम म्याग्दी क्षेत्रमा रहेको एक मात्र मंगला शिक्षा क्याम्पसलाई वहुविषयक क्याम्पसमा रुपान्तरण गर्नका लागि आवश्यक पर्ने आधारभूत आर्थिक, भौतिक तथा अन्य व्यवस्थापकीय क्षेत्रमा क्रमशः सहयोग गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

३१. खेलाडीहरु राष्ट्रका गौरव, ईज्जत र प्रतिष्ठा भएकोले मंगला गाउँपालिका अन्तर्गत रहेका आम खेल प्रेमी यूवाहरुलाई गोलबद्ध गर्दै उनीहरुको चाहना र आवश्यकता अनुसारको खेलकुद र यससँग सम्बद्ध सवै पक्षको विकास गर्न गाउँपालिका स्तरीय खेलकुद र विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिने छ।

३२. समाजमा नैतिकवान, कर्तव्यनिष्ठ र जिम्मेवार नागरिक तयार गर्नको लागि विद्यालयका विद्यार्थिहरु र युवाहरुलाई लक्षित गरी नैतिक शिक्षा र सोंच परिवर्तन सम्वन्धी तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३. समाजमा समस्याको रुपमा रहेका धुम्रपान, मध्यपान तथा लागू पदार्थको दुर्व्यसनी जस्ता खराब आचरण तथा व्यवहारहरुको नियन्त्रण र न्यूनिकरण गर्न यूवाहरुमा चेतना मूलक कार्यक्रम सहित विशेष व्यवस्था मिलाइनेछ ।

३४. खेलकुदको विकास गर्न खेल पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

३५. सरकारी, गैर सरकारी, सहकारी तथा नीजि क्षेत्रको समन्वय र सहकार्यमा युवा उद्यमशिलता विकासका कार्यक्रम मार्फत युवालाई “विदेश होइन बिजनेस” भन्ने भावना जाग्रृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।

### ख) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः

१. गाउँपालिका अन्तर्गतका हरेक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रका हरेक विद्यालयका विद्यार्थिहरुको मासिक निःशुल्क स्वास्थ्य परिक्षण गर्ने नितिलाई कडाइका साथ निरन्तरता दिइनेछ ।

२. स्वास्थ्य संस्थाको सहयोगि भुमिकामा रहेका महिला स्वयं सेविकाहरुको क्षमता विकास गर्न तालिम तथा प्रोत्साहनका कार्यक्रम गरी निजहरुको भूमिका प्रभावकारी वनाइनेछ ।

३. नागरिकहरुको आधारभुत स्वास्थ्य सेवा पाउने अधिकारलाइ मध्यनजर गरी स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास, न्यूनतम आवश्यक पूर्वाधार निर्माण र स्वास्थ्यकर्मिहरुको लागि क्षमता विकास तालिम सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाहमा व्यापक सुधार गरिनेछ ।

४. स्वास्थ्य संस्थाका कर्मचारी, व्यवस्थापन समिति, जनप्रतीनिधि र आम नागरिहरुको सहभागितामा स्वास्थ्य संस्थाको व्यवस्थापन र सेवा प्रवाहलाइ प्रभावकारी वनाइनेछ ।

५. स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन मूल्यांकन गरी दण्ड र पुरस्कारको विधिसँग आवद्ध गरिनेछ भने उत्कृष्ट कार्यसम्पादन गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

६. मंगला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey ) प्रतिवेदन बमोजिम सिफारिस भएका स्थानहरुमा आवश्यकताका आधारमा सामूदायीक स्वास्थ्य एकाइ स्थापना गरिने छ ।साथै हाल सञ्चालनमा रहेका एकाइहरुलाइ सुविधा सम्पन्न वनाउन आवश्यक व्यवस्था गरिनेछ ।

७. कोभिड-१९, डेङ्गु, स्क्रप्ट टाइफस, एच.आइ.भि, टि.वी. आदि सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य परिक्षण गर्न स्वास्थ्यकर्मीलाई टोलटोलमा खटाउने तथा विद्यालय एवं वडा स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

८. समाजमा छोरा र छोरीबीचको भेदभाव अन्त्य गर्न, लिङ्गको आधारमा हुने गर्भपतलाई निरुत्साहन गरिनेछ।

९. मातृ स्वास्थ्य सुरक्षालाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम तय गरिनेछ ।

१०. स्वास्थ्य विमा कार्यक्रमलाई सवै घरपरिवारमा लागु गरी आर्थिक अवस्था कमजोर भएका परिवारको निशुल्क स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाइनेछ ।

११. पोषणको कमिबाट प्रभावित हुने विशेषत वालवालिका, गर्भवती तथा सुत्केरीको पोषण सुरक्षाको लागि विशेष ध्यान दिइ कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै संघीय सरकारको वहुक्षेत्रीय पोषण कार्यक्रमलाई गाउँपालिकाको साझेदारीमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२. शुन्य होम डेलिभरि कायम गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरी अनिवार्य रुपमा गर्भावस्था र प्रशुति पश्चात स्वास्थ जाँच गरीने व्यवस्था मिलाईने छ ।

१३. विपद तथा महामारी र चाडपर्वको समयमा गाउँपालिकावासीलाई सहज रुपमा स्वस्थ खाद्यान्न तथा खाद्य सामाग्री आपूर्तिको व्यवस्था मिलाइनेछ ।

१४. अर्मन स्वास्थ्य चौकीमा डाक्टर सहितको सेवा, एक्स् रे र ल्याव संचालन गर्नको लागि आवश्यक पूर्वाधार तथा जनशक्ति तयारी हालतमा राखी आवश्यकता र क्षमता मापदण्ड अनुसारको सेवा प्रवाह गर्ने प्रयास गरिनेछ ।

१५. संघीय सरकारको सहयोगमा १० शैयाको आधाभूत अस्पताल निर्माण कार्यलाई आगामि आर्थिक वर्षमा निर्माण सम्पन्न गरी सकिनेछ ।साथै, बाबियाचौर स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरी, नयाँ भवनबाट ब्यबस्थित ल्याव सहितको स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१६. स्वास्थ्य शाखा र नागरीक आरोग्य केन्द्रको सहजिकरणमा "योग गरौं स्वस्थ रहौं" भन्ने नाराका साथ गाउँपालिका स्तरमा योगाभ्यास कार्यलाइ प्रोत्शाहन गरिनेछ ।

## ग) सामाजिक सुरक्षा सम्बन्धी नीति तथा कार्यक्रमः

१. जेष्ठनागरिक, असक्त, अपाङ्गता भएका व्यक्ति र दिर्घरोगीलाई समय समयमा घरमै पुगेर स्वास्थ्य चेकजाँच तथा उपचारको व्यवस्था मिलाइनेछ ।यस्ता व्यक्तिहरुलाई आवतजावत गर्नको लागि सवारी साधनमा छुट तथा सिट व्यवस्थाको लागि स्थानीय यातायात व्यवसायिसँग छलफल गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने हिडडुल गर्न नसक्ने जेष्ठ नागरिक, असक्त, अपाङ्गता भएका ब्यक्तीहरु र दिर्घरोगी लाभग्राहीलाई बैंकसँग समन्वय गरी घुम्ती टोली मार्फत घरघरमा गई भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३. मजदुरहरुको सामाजिक सुरक्षा तथा कार्यस्थलमा सुरक्षाको व्यवस्था गर्न, उनीहरुलाई कामको प्रत्याभूति दिलाउन, रोजगारको खोजीमा सहयोग पुराउन तथा हकहितको सुरक्षाको लागि श्रम डेस्क सञ्चालन गरिनेछ ।

४. गण्डकी प्रदेश, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत संचालित सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय, म्याग्दी वेनीमा स्थापना भएको आप्रवासी स्रोत केन्द्रको संचालन गर्नका लागि लागत साझेदारी गरिनेछ । साथै, सुरक्षित आप्रबासन कार्यक्रमलाइ प्रभावकारी बनाउन गाउँपालिकाबाट आवस्यक व्यवस्था गरिनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाइ व्यवस्थित र सुदृढीकरण गर्दै जनमुखि वनाउन अनलाइन प्रणाली मार्फत् कार्यान्वयन हुदै आएको कार्यलाइ निरन्तरता दिदै राष्ट्रिय परिचय-पत्र तथा पंजिकरण विभागको लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ।

६. विश्वमा देखिएको आर्थिक संकटका कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका नागरिकहरु, गरिब, असहाय, श्रमीक, किसान, हिँसा पिडित, बाढि पहिरो तथा प्राकृतिक विपत्तिमा परेका ब्यक्ति, दलित, पिछडिएको समुदाय, अपाङ्गता भएका ब्यक्ति लगायत सम्पूर्ण सिमान्तिकरण तथा वञ्चितिकरणमा परेका ब्यक्तिका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रमा सुविधा दिई सिप विकास तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि तथा रोजगारीको शिर्जना गरी आय आर्जनको अवसर उपलब्ध गराउन उपयुक्त कार्यक्रम ल्याइनेछ ।

७. मंगला गाउँपालिकावाट संचालन हुने आयोजनामा काम गर्ने श्रमिकहरु १५ (पन्ध्र) जनाको सामुहिक दुर्घटना विमा गर्ने नितिलाइ निरन्तरता दिइने छ।

८. मंगला गाउँपालिका भित्र रहेका "ग" वर्गको अपाङ्गता भएका व्यक्तिहरुको जीवन बिमा गाउँपालिकाबाट गरिदिने व्यवस्था गरिनेछ ।

## घ) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमः

१. मंगला गाउँपालिकालाइ खुल्ला बहु साँस्कृतिक संग्रहालयको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरुमा स्थानीय पहिचान र मौलिकता झल्कने भेष भुसा, कला साहित्य तथा संगित सहितको झाँकी प्रदर्शन गर्ने, पूर्वाधार निर्माण गर्दा स्थानीय पहिचान झल्कने बास्तुकला, मुर्तिकला तथा चित्रकलाको संकेत निर्माण गर्ने नीति लिइनेछ ।

२. मंगला गाउँपालिकाको स्थानीय भाषा, सँस्कृति, साँस्कृतिक-धार्मिक तथा गाउँपालिका भित्र रहेका ऐतिहासिक स्थलहरु जस्तैः कोट, मन्दिर, गुम्बा आदिको संरक्षण तथा संबर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तय गरी सञ्चालन गरिने छ।

३. मंगला गाउँपालिकाको केन्द्र बाबियाचौरमा निर्मित मंगला इन्द्रेणि पार्क भित्र रहेको मंगला खड्गनन्द संग्रहालयमा स्थानीय संस्कृति झल्कने परम्परागत सामाग्रिहरु खोजि गरी व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाइनेछ ।

४. गाउँपालिका भित्र विभिन्न दर्तावाल संघसंस्थाहरुले सञ्चालन गर्ने ऐतिहासिक तथा साँस्कृतिक मेला तथा पर्वहरु सम्बन्धित क्षेत्रका विद्यालयको पठन पाठनमा अवरोध नहुने गरी बढिमा ५ दिन सञ्चालन गर्ने अनुमति दिने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

५. मंगला गाउँपालिकामा रहेका परम्परागत नौमती बाजाको संरक्षणको लागि आवश्यक व्यवस्था गर्ने नीति लिइनेछ ।

## ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाबाट तर्जुमा भएको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिलाइ क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

२. कार्यस्थलमा हुने लैङ्गिक हिँसा तथा सबै खाले यौनजन्य दुर्व्यवहार र अन्य हिँसा विरुद्ध शुन्य सहन-शिलता नीति लिई हिँसा विरुद्धको अभियान मार्फत हिँसा मुक्त गाउँपालिका घोषणा गरिनेछ ।साथै, हिँसा पिडितहरुलाइ न्याय र पूनर्स्थापनाको व्यवस्था गरीनेछ ।

३. ऐतिहासिक काल देखि दलित तथा शील्पि समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाइ व्यवसायीक उद्यमको रुपमा स्थापित गर्न पुँजि लगानी सहयोग गरिनेछ ।

४. जेष्ठ नागरिक परिचय-पत्र वडा स्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५. दलित, जनजाति, महिला, अपाङ्गता भएका नागरिक, द्वन्द पिडित, यूवा, ज्येष्ठ नागरिक, बालबालिका समेतलाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोमा उक्त क्षेत्रका नागरिकहरुको चाहना, आवश्यकता र पेश भएको प्रस्तावना-पत्रको आधारमा कार्यक्रमहरु छनौट गरी प्राथमिकता साथ सञ्चालन गर्ने नीति लाइ निरन्तरता दिइने छ।

६. समाजमा विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक, जातीय तथा लैगिक विभेदलाई न्यूनिकरण गर्दै समतामूलक समाज निर्माणमा जोड दिईने छ। यसका लागि गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गरिने छ ।

७. हाम्रो समाज सामाजिक समस्याका रुपमा रहेका वालविवाह, जातीय भेदभाव, लैगिंक भेदभाव आदिको अन्त्य गर्नको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## २. आर्थिक विकासः (कृषि तथा पशुपालन, उद्योग, रोजगारी, सहकारी, पर्यटन, सिंचाइ) क्षेत्र सम्बन्धी नीति तथा कार्यक्रमहरु

### क) कृषि तथा पशुपालन सम्बन्धी नीति तथा कार्यक्रमः

१. कृषियोग्य भूमिको उत्पादकत्व वृद्धि गर्नको लागि सिँचाई पूर्वाधार निर्माण, उन्नत विउ बितरण र रासायनिक तथा प्रांगारिक मलको व्यवस्था गर्ने नीतिलाइ निरन्तरता दिइने छ ।

२. कृषि बालिमा लाग्ने रोग र किरा नियन्त्रणको लागि गाउँपालिकामा उपलब्ध कृषि प्राविधिक जनशक्तिको परिचालन मार्फत कृषकलाई प्राविधिक सहयोग उपलब्ध गराइने छ ।

३. कृषि उपजहरुको व्यावसायिक उत्पादन, खेती विस्तार र बजारीकरणको लागि कृषि औजार तथा सामाग्री अनुदान, प्राविधिक सहयोग र नीजि र सहकारी क्षेत्र समेतको सहकार्यमा बजारको व्यवस्था गरी विशेष प्रबन्ध मिलाइनेछ ।

४. उच्च मूल्यका फलफुल, तरकारी तथा अन्नबालिहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी त्यस्ता स्थानहरुमा व्यावसायीक कृषि कार्यक्रम संचालन गरिनेछ ।

५. तरकारी उत्पादनको लागि व्यावसायीक, करेसाबारी, बगरखेती र करार खेतीको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

६. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क संकलन गरी कृषि तथा पशुपंक्षि सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्दा उक्त तथ्याङ्कको प्रयोग गरिने छ ।

७. "निरन्तर उत्पादनमा आवद्धता, कृषि अनुदानमा प्राथमिकता" भन्ने नाराका साथ निरन्तर रुपमा कृषि र पशुपालन व्यबसायमा आवद्ध रही गाउँपालिकालाइ कृषिमा आत्मनिर्भर हुन योगदान गर्ने कृषक तथा पशुपालक-कृषकहरुलाई कृषि अनुदानमा प्राथमिकता दिने गरी कार्यविधि बनाई कार्यक्रम सञ्चालन गरिने छ ।

८. कुखुरा पालन, वंगुरपालन, माछापालन र भैसी पालन व्यावसायलाई प्रोत्साहन र सहयोग गर्न अनुदान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।साथै पशु-पालनको लागि घाँसको कमी हुन नदिन उन्नत जातका विउ तथा घाँसका विरुवा अनुदानमा वितरण गरिनेछ ।

९. कृषकहरुको पशु धन जोगाउनको लागि पशु खोप कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

१०. प्राङ्गारिक मलको प्रयोग बढाइ रसायन मुक्त उत्पादनलाई थप प्रभावकारी र उपयोगी बनाउन गाउँपालिका अन्तर्गतका घर, विद्यालय तथा सार्वजनिक स्थलमा मानव-मूत्र एवं वैज्ञानिक भकारो सुधार गरी पशु-मुत्र संकलनको व्यवस्था गरी सो को प्रयोग कृषि उत्पादन वृद्धिमा गरीने छ ।

११. संघीय सरकारको सहयोगमा सञ्चालित सुन्तला, आलु र बाख्रा पकेट क्षेत्र कार्यक्रम लाई प्रभावकारी बनाइ व्यवसायिक उत्पादनलाई जोड दिन गाउँपालिकाबाट आवश्यक पहल गरिनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र रहेका बाँझो जग्गाको लगत संकलन गरी जग्गा धनीसंगको सहकार्य र स्थानीय कृषकहरुको सहभागितामा बाँझो जग्गामा कृषि तथा पशुपालन व्यवसाय संचालन गरी खेति योग्य बाँझो जग्गाको सदुपयोग गर्ने नीति लिइने छ।

१३. मंगला गाउँपालिका वडा नं.३ झाँक्रीपानी, वडा नं. २ हिदी र वडा नं. ५ चाँगामा चिया र टिमुर तथा अन्य जडिबुटी खेतिका लागि अध्ययन कार्यको थालनी गरिने छ।

## ख) उद्योग, पर्यटन, उद्यमशिलता, रोजगारी र सहकारी सम्बन्धी नीति तथा कार्यक्रमः

१. मंगला गाउँपालिका पर्यटन क्षेत्रको प्रवर्धन गरी आय-आर्जनको प्रमुख क्षेत्रको रुपमा विकास गर्न सम्भाव्य पर्यटक स्थलहरु; झाँक्रिपानी, चाँगा, तिनचुले, चिनाकोट दरवार, टोड्के, मालिकाधुरी, भाले बास्ने ताल, मालिका मन्दिर वडा नं. ३, शिवालय मन्दिर थर्पु, कैलाशफाँट मन्दिर लगायत गाउँपालिका भित्र रहेका सम्पूर्ण मठ मन्दरीहरु, सिमलचौर लामो छहरी, लट्टेखोरिया, कुँहु गुफा लगायतका स्थानमा पर्यटन पूर्वाधार विकास, प्रचारप्रसार, होटेल तथा होमस्टे निर्माण र पार्क निर्माण कार्यलाइ प्राथमिकता दिने नीति लिइनेछ ।

२. पर्यटन क्षेत्रको थप विकासका लागि गाउँपालिकामा निर्माणाधिन सिमलचौर-लामोछहरा-खानिगाउँ-पूर्णगाउँ-टोड्के पदमार्ग र पोक-गहते-नेटा-झाक्रिपानी पदमार्ग निर्माणलाइ निरन्तरता दिइ नयाँ पदमार्गको खोजी तथा निर्माण कार्य गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनीक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलिकरण र प्रभावकारी बनाइनेछ ।

४. मंगला गाउँपालिकामा उद्योग तथा स्वरोजगारको पूर्वाधार तयार पार्दै "एक बस्ती एक उद्यम, एक व्यक्ति एक सीप" को अवधारणा अनुसार आगामि १० वर्ष सम्ममा बेरोजगारीको अन्त्य गर्ने दिशामा सम्पूर्ण क्रियाकलापहरुलाई केन्द्रीत गर्ने नीति लिइने छ।

५. गाउँपालिकामा रहेको रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी वनाउदै, संघीय सरकारको सहयोगमा सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगारहरुलाई आवद्ध गराउने, गाउँपालिकाको समेत लागत साझेदारी जुटाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६. संघीय सरकारको लघु उद्यम विकास कार्यक्रमसँग गाउँपालिकाको समेत थप लागत साझेदारीमा सिपमूलक तालिमहरु, घरेलु तथा सानाउद्यम विकास गरिनेछ ।

७. गाउँपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई नियमन गर्ने तथा विभिन्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ भने वैक तथा वित्तिय संस्थासँग सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. कृषि सहकारीलाई प्रोत्साहन गरी अनुदान, कृषि ऋण प्रदानका लागि आवश्यक समन्वय गरिने छ। सहकारी मार्फत बाख्रा पालन, चिस्यान केन्द्रको निर्माण सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।

९. गाउँपालिकाको सवै वडाको बस्तिहरुमा गठित टोल विकास संस्था, आमा समूह दलित अपांग महिला सञ्जाल, युवाक्लव, वालक्लव लगायत सामाजिक संस्थाको रुपमा संस्थाहरु कानून बमोजिम दर्ता गर्न लगाइ सामाजिक कामको लागि प्रोत्साहन गर्ने र उत्साहित समूहलाई विउ पुँजीको रुपमा गाउँपालिकाबाट कोष खडा गर्दिने व्यवस्था गरिनेछ ।

## ३. भौतिक पूर्वाधार विकास क्षेत्र ( शहरी योजना, बस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. यस गाउँपालिकाका हरेक वडाहरुको बस्ति बस्ति जोड्ने ग्रामिण सडकहरुको मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइने छ ।सडक सञ्जाल वितार गर्नु पर्ने बस्तिमा नयाँ सडक निर्माण गरीने छ ।

२. गाउँपालिकाभित्रका मुख्य र रणनैतिक सडकहरुलाई कालोपत्रे तथा ढलान गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

३. गाउँपालिकाका भित्र रहेका खहरे खोलामा आवश्यकता अनुसार मोटरेवल पुल, कल्भर्ट, कज वे तथा झोलुङ्गे पुल निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४. गाउँपालिकाको यातायात तथा सडक गुरुयोजना तयार गरी लागु गरिने छ ।

५. एकिकृत शहरी तथा बस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिका विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरवको आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ ।

७. विगत देखिका निर्मणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

८. गाउँपालिकाबाट निर्माण भएको सडक मापदण्ड अनुरुप सडक क्षेत्र कायम गरिनेछ ।

९. एक वडा एक पार्क निर्माण नीति लिइनेछ ।

१०. गाउँपालिकामा वर्षायाममा हुने पहिरो तथा भुक्षय रोकथाम तथा नियन्त्रण गर्नको लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

११. म्याग्दी नदी किनारका बस्ति तथा खेतियोग्य जमिनको कटान रोक्न नदि नियन्त्रण पूर्वाधार संरचानको निर्माण कार्यलाइ निरन्तरता दिइने छ ।

१२. सिँचाइ सुविधा नपुगेका खेतियोग्य जमिनमा सिँचाई गर्न पूर्वाधार निर्माण गरी सुविधा उपलब्ध गराइनेछ । साथै सिँचाइ कुलोहरुको मर्मत सम्भारको लागि आवस्यक व्यवस्था मिलाइनेछ ।

१३. गाउँपालिकामा हाल सम्म निर्माण भएका सम्पूर्ण पुर्वाधार संरचनाहरुको लगत संकलन गरी अभिलेखिकरण गरिने छ ।

१४. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भु-उपयोग नीति, भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी गाउँपालिकाको भूगोल सुहाउँदो सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१५. गाउँपालिका क्षेत्रमा रहेका विशेष प्रकारका भवन, वस्ती, मोटरवाटो लगायतका संरचनाको स्थान र भूगोल विशेष रुपमा बर्गिकरण मापदण्ड तोकी पालना गरिने छ।

१६. मंगला गाउँपालिका अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधार विकासलाई स्थानीय नागरिकहरुको अपनत्व बोध गराउन उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रमहरुमा कम्तिमा १० देखि १५ प्रतिशत रकम बराबरको स्थानीय जनसहभागिता (नगद, वस्तु वा श्रम) सुनिश्चितता गरिने छ । साथै भौतिक पूर्वाधार तर्फको पुँजिगत खर्च तर्फ कट्टा हुदै आएको ४% प्रशासनिक व्यवस्थापन खर्च/कन्टेन्जेन्सी रकमलाइ निरन्तरता दिइ उक्त रकमको खर्च कार्यविधि तर्जुमा गरी सोही बमोजिम गर्ने व्यवस्था मिलाइनेछ ।

१७. गाउँपालिकाले सकेसम्म टुक्रे योजनाहरु निर्माण नगर्ने नीति लिइनेछ । आवश्यकताको आधारमा त्यस्ता योजनाहरु निर्माण गर्नपर्ने देखिएमा योजनाहरुलाई एकिकृत गरी एउटा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१८. गाउँपालिकाको सबै घरधुरीमा विद्युत सेवा पुगिसकेकोले विद्युत लाइनलाई थप व्यवस्थित गरी उज्यालो गाउँपालिका घोषणा गरिनेछ । स्थानीय लघु विद्युतको संरक्षण गरी उपयोग गरिनेछ ।

१९. सामाजिक कार्यक्रम सञ्चालन गर्न एक गाउँ एक एकिकृत सामुदायिक भवन निर्माणको नीतिलाइ निरन्तरता दिईनेछ ।

## ४) सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. यस गाउँपालिकाको सेवा प्रवाहलाई जनचाहना अनुरुप आधुनीक र सूचना प्रविधिमैत्री बनाउन सूचना प्रविधि पुर्वाधारको विकासको लागि सम्पूर्ण व्यवस्था मिलाइ, कर्मचारीमा सूचना प्रविधिको ज्ञान र सिपको विकास गरीनेछ ।

२. जनप्रतीनीधि तथा कर्मचारीको सिप र क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखि बनाइनेछ ।कर्मचारीको कार्यसम्पादन चुस्त दुरुस्त वनाउन दण्ड र पुरस्कारको विधि अवलम्वन गरिनेछ ।

३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाइ जनउत्तरदायी बनाई नागरिक मैत्री स्थानीय शासन स्थापित गर्न मासिक, चौमासिक एवं वार्षिक समिक्षा, चौमासिक रुपमा सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण जस्ता विधिहरु अपनाइनेछ ।

४. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा, विकास निर्माण सम्वन्धी कार्य, खरिद कार्य लगायत अन्य सम्पूर्ण क्रियाकलापहरु पूर्णरुपले पारदर्शी, मितव्ययी र जनउत्तरदायी बनाउदै सबै प्रकारका भ्रष्टचार, अनियमितता, ढिलासुस्तीमा शुन्य सहनशिलताको नीति अख्तियार गरिने छ ।

५. गाउँपालिकाबाट प्रभावकारी सेवा प्रवाह गर्नको लागि गाउँपालिकाको ब्यबस्थित प्रशासनिक भवनको आवश्यकता भएकोले सो को लागि आवश्यक जग्गा व्यवस्थापन गरी भवन निर्माण कार्यको सुरुवात गरिनेछ ।

६. प्रशासनिक तथा आर्थिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, वेरुजु लगायतको विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्य अगाडी बढाइनेछ ।

७. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिकाको सूचना पाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

८. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न उपभोक्ताहरु समेतको सहभागितामा नियमित बजार अनुगमन गरिनेछ ।

९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसि सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धती प्रयोगमा ल्याईनेछ ।

११. गाउँपालिकाबाट चयन भएका आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न आयोजनाहरुको अनुगमन, मुयाङ्कन, सुपरिवेक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाउँदै प्रतिवेदनबाट प्राप्त हुने सुझावलाई भावि योजना निर्माण तथा कार्यान्वयनमा उपयोग गरीनेछ ।

१२. स्थानीय केवल नेटवर्क, डिसहोम, इन्टरनेट सेवा प्रदायकहरुसँग अन्तरक्रिया गरी कानुन र आचारसंहिताको पालना गराउने तथा करको दायरामा ल्याउने व्यवस्था गरिनेछ ।

## ५) वन, वातावरण, जलवायु परिवर्तन तथा विषद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क) खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रमः

१. सुरक्षित, स्वच्छ र सुलभ खानेपानीको व्यवस्था गर्न गाउँपालिका सम्पूर्ण वस्तीहरुमा मिटर जडित एकघर एकधारा खानेपानी योजना आगामि २ वर्षभित्र पूरा गरिनेछ ।

२. गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सम्वन्धी रणनैतिक योजना निर्माण गरि कार्यान्वनमा ल्याउनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

३. सम्पूर्ण घरधुरीमा तथा सार्वजनिक स्थलहरुमा वास सहितको शौचालय तथा फोहोमैला व्यवस्थापन गरी सभ्य गाउँपालिका पहिचान गराउन आवश्यक व्यवस्था गरिनेछ ।

४. मंगला गाउँपालिका अन्तरगत बजार विकास भैसकेका र बजारोन्मुख स्थानको फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईटको खोजी गर्ने र बजार क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गरिएको ल्याण्डफिल साईटको

सुरक्षित व्यवस्थापन गर्दै बजार क्षेत्रको ढल निकास निर्माणको कार्यलाइ निरन्तरता दिइने छ।

५. जल पुनर्भरण र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ ।

६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।

७. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

८. प्लास्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लास्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहीत गरिनेछ ।

**ख) वन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन**

१. यस गाउँपालिका क्षेत्रमा पाईने भौगोलिक तथा पर्यावरणीय हिसाबले सम्भव हुने उच्च मूल्यदरका जडीबुटी प्रजातिहरुको व्यवसायिक खेति विस्तारलाई प्राथमिकताका साथ अगाडि बढाउने गरी ०७४/०७५ बर्ष देखि शुरु गरिएको जडिवुटी खेती र प्रविधिलाई आगामी आर्थिक वर्षमा थप विस्तार र विकासका लागि वन तथा वातावरण क्षेत्रमा पर्याप्त वजेट व्यवस्था गरिने छ।

२. संघीय सरकार, प्रदेश सरकार र स्थानीय समुदायसँगको सहकार्यमा गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनहरुको संरक्षण र व्यवस्थापन गरी पर्यावरणीय संतुलन एवं जलवायु परिवर्तनका असरहरु न्यूनिकरण गर्ने प्रायास गरिनेछ ।

३. मंगला गाउँपालिका क्षेत्र भएर वग्ने म्याग्दी नदीले खेतियोग्य जमिन तथा वस्तीलाइ पुऱ्याएको क्षतिलाइ न्यूनिकरण गरी त्यस्ता क्षेत्रको संरक्षण गर्नका लागि गाउँपालिकावाट तयार पारिएको म्याग्दी खोला नदी नियन्त्रण विस्तृत परियोजना प्रतिवेदनलाइ संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

४. संघीय सरकारको सहकार्यमा सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

५. मंगला गाउँपालिकाको असाह्य बालबालिका र असाध्य रोग (मुटु, मृगौला, क्यान्सर, एचआइभी/एड्स आदि) लागेको प्रमाणित भएको व्यक्ति विपन्न असाहय आर्थिक रुपमा कमजोर नागरिकको लागि अध्यक्षसंग सहायता कार्यक्रम अन्तरगत सहयोग कार्यलाई निरन्तरता दिइने छ।

६. यस गाउँपालिका क्षेत्रमा आकस्मिक रुपमा हुने दूर्घटना तथा विपदमा परेका नागरिकहरुलाइ तत्काल उद्धार तथा राहत प्रदान गर्न अध्यक्षसंग विपद सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. मंगला गाउँपालिका क्षेत्रभित्र हुन सक्ने विपद जोखिमको अध्ययन गरी तयार पारिएको विपद प्रतिकार्य योजनालाई कार्यान्वयन गरी विपद व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ ।

८. वायु परिवर्तको कारण कृषि तथा पशुपालन क्षेत्र, वातावरण क्षेत्रमा परेको असर, प्राकृतिक विपत्ती रोगव्याधी जस्ता समस्याहरुको समाधान गर्न र त्यसप्रति अनुकूलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न प्राक्रितिक एवं मानव शिर्जित विपत्तिको पूर्वतयारी, उद्धार, राहत, पूनर्स्थापना तथा पूनर्निर्माण गर्नको लागि "मंगला गाउँपालिका विपद व्यवस्थापन कोष" स्थापना गरी कार्यान्वयन गरिनेछ । साथै सवै वडामा विपत्तीको समयमा उद्दार र राहत सामाग्रि सहित तालिम प्राप्त जनशक्तिको टिम—रेपिड रेसपोन्स टिम लाई तयारी हालतमा राखिनेछ ।

९. खाली जग्गामा वृक्षारोपण, हरीयालि प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जिविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

१०. पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिने छ ।

११. विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनिकरण, प्रतिकार्य र पुनस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।सो कार्यको लागि नेपाल रेडक्रस सोसाइटी र नीजि क्षेत्र सँग सहकार्य गरिने छ ।

१२. ढुङ्गा, गिट्टि बालुवा जस्ता नदिजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

१३. मंगला गाउँपालिकामा मनसुनजन्य र आगालागी जन्य विपदबाट पूर्ण तथा आंशिक क्षति भएका घरहरुको राहत, पूनर्स्थापना तथा पूनर्निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।

## ६) <u>सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिईनेछ ।

२. सूचनाको हक सम्वन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा रहने सार्वजनिक सरोकारका सूचनाहरुलाइ नागरिकको सूचनामा पहुँच सुनिश्चितताको लागि गाउँपालिकको वेवसाइट मार्फत् प्रकाशित गरी Pro-Active Discloser लाइ कार्यान्वयनमा ल्याइने छ।

३. गाउँपालिकाबाट भए गरेका सम्पूर्ण कामकारवाहीको विषयमा नागरिकलाई सूसूचीत गर्ने तथा माग भएको सूचना समयमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## ७) <u>कानुन न्याय तथा मानव अधिकार प्रवर्धन सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्नका लागि न्यायीक समितिको क्षमता विकास गरी, न्यायिक कक्ष निर्माण गर्ने र कानूनि साक्षरता तथा मेलमिलाप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३. प्रत्येक वडामा भएका मेलमिलापकर्तालाई पुनर्ताजकी तालिम दिइ सक्रिय वनाइनेछ भने थप मेलमिलापकर्ताको खोजी हुनेछ ।

४. सवै वडाका वडा सदस्यहरुलाई न्यायिक अभ्यास सम्वन्धी तालिम दिइ स्थानीय सानातिना झैझगडा स्थानीयस्तरमा मेलमिलाप गर्ने अभ्यास गरिनेछ ।

## ८) <u>राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. गाउँपालिकाको सम्वृद्धि तथा आत्मनिर्भरताका लागि आन्तरिक आय वढाउनु पर्ने हुँदा स्थानीय कर राजश्व र गैरकर राजश्वको दरलाई न्यूनतम गर्दै दायरा विस्तार गर्ने नीति लिइनेछ ।प्रगतिशिल कर प्रणाली अवलम्वन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ। साथै राजस्व संकलन तथा अभिलेख व्यवस्थापन महालेखा नियन्त्रकको कार्यालयद्वारा विकसित SUTRA प्रणालीको प्रयोगबाट गरिने छ ।

२. वडा कार्यालयहरुसँग समन्वय गरि घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र बहालमा रहनेहरुको अभिलेख अद्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

३. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको मोबाइल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रवाह गर्ने नीति लिईनेछ ।

४. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

५. गाउँपालिकामा कर शिक्षा कार्यक्रम सञ्चालन गरी कर तिर्ने भावनाको विकास गरिनेछ ।

६. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक श्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी साजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

७. गाउँपालिकाको राजस्व सुधार योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।साथै, समय अनुसार संशोधन तथा परिमार्जन गर्दै लगिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति अनुसार मंगला गाउँपालिकाको बजेट तथा कार्यक्रम तयार पारी प्रस्तुत हुने कुरामा सम्पूर्ण सदस्यज्यूहरुमा विश्वस्त गराउन चाहन्छु । प्रस्तुत नीतिलाई यसकै मर्म र भावना अनुसार कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, कानून तथा निर्देशिकाहरुको सम्बन्धित विषयगत समितिद्वारा तयार गरी सभा तथा कार्यपालिकाबाट पारित गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाको नेतृत्वमा सञ्चालन हुने समग्र विकास निर्माणका

कार्यहरु, आर्थिक वृद्धि लक्षित कार्यक्रमहरु, गुणस्तरिय शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा हुने पहल कदमिहरु र सामाजिक समावेशिकरणको माध्यमबाट समग्र समाजको रुपान्तरण गर्नका लागि गाउँपालिकालाई आम मंगला गाउँपालिकाबासीहरुको सदैव पूर्ण साथ, समर्थन र सहयोग रहिरहने छ भन्ने अपेक्षा सहित यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने पालिकाका आम नागरिक, कर्मचारी तथा अन्य महानुभावहरु प्रति पुन कृतज्ञता प्रकट गर्न चाहन्छु।

**धन्यवाद!!!**

२०८० साल असार ०७ गते बिहिबार।